बागमती प्रदेश सरकार

# स्वास्थ्य मन्त्रालय

हेटौंडा, नेपाल

## अर्ध वार्षिक प्रगति विवरण: आ.व. २०७९/०८०

### १. परिचय

नेपालको संविधानले गरेको तीन तहको शासकीय स्वरूप अनुरुप गठित प्रदेश सरकारका मन्त्रालयहरु मध्ये स्वास्थ्य क्षेत्रको एक महत्वपूर्ण कार्य जिम्मेवारी सम्पादन गर्ने गरी मिति २०७८/०५/२३ गते प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७४ को अनुसूची हेरफेर गरी साविकमा सामाजिक विकास मन्त्रालयले गरेको काम कारवाही स्वास्थ्य मन्त्रालय मार्फत गर्ने गरी स्वास्थ्य मन्त्रालयको स्थापना गरिएको हो। दिगो विकासका लक्ष्य अन्तर्गत लक्ष्य नं. ३ मा निर्धारित सबै उमेर समुहका व्यक्तिका लागि स्वस्थ्य जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्द्धन गर्ने यस मन्त्रालयको महत्त्वपूर्ण कार्य जिम्मेवारी अन्तर्गत पर्दछ।

संविधानद्वारा प्रदत्त निःशुल्क एवम् गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न पाउने नागरिकको मौलिक हकको कार्यान्वयन गर्न पर्याप्त स्वाथ्य पूर्वाधारको निर्माण, गुणस्तरीय चिकित्सक जनशक्तिको उत्पादन, अत्याधुनिक स्वास्थ्योपचार गर्न सक्ने स्वास्थ्य औजार उपकरणको व्यवस्थापन तथा स्वस्थ नागरिक निर्माणका लागि नागरिकहरूमा पर्याप्त स्वास्थ्य शिक्षा तथा जनचेतना अभवृद्धिको साथै बेलाबखत आउने महामारीजन्य रोगको रोकथाम तथा नियन्त्रणका लागि निवारणात्मक तथा उपचारात्मक कार्य गर्ने जस्ता स्वास्थ्य सेवा प्रदान गर्नु यस मन्त्रालयको महत्त्वपूर्ण जिम्मेवारी छ।

### २. दीर्घकालिन सोच

- नागरिकको मौलिक अधिकारको रुपमा स्थापित आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने ।
- प्रत्येक नागरिकले सहज रुपले गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने गरी आवश्यक औषधि, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरु सहितको प्रभावकारी एवं जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको स्थापना गर्ने ।
- स्वास्थ्य सेवा प्रवाहमा जनसहभागिता प्रवर्द्धन गर्ने र यसका लागि निजी तथा सहकारी क्षेत्रको संलग्नता वृद्धि र व्यवस्थित गर्दै अपनत्व प्रवर्द्धन गर्ने ।
- सबै नेपाली नागरिकहरु शारीरिक, मानसिक, सामाजिक र भावनात्मक दृष्टिकोणबाट स्वस्थ रही उत्पादशील र गुणस्तरीय जीवनयापन गर्न सक्षम हुने ।

### ३. उद्देश्य

- नागरिकको मौलिक अधिकारको रुपमा रहेको आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने ।
- प्रत्येक नागरिकले सहज रुपले गुणस्तरिय स्वास्थ्य सेवा प्राप्त गर्न सक्नेगरी औषधि, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरु सहितको प्रभावकारी एंव जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको स्थापना गर्ने ।

दिपक प्रसाद तिवारी
वरिष्ठ जनस्वास्थ्य प्रशासक


- स्वास्थ्य सेवा प्रवाहमा जनसहभागिता प्रवर्द्धन गर्ने र यसका लागि निजी तथा सहकारी क्षेत्रको संलग्नता वृद्धि र व्यवस्थित गर्दै अपनत्व प्रवर्द्धन गर्ने ।

## ४. रणनीति

- संविधानले प्रदान गरेको स्वास्थ्य सम्बन्धी हकलाई सुनिश्चित गर्न गुणस्तरिय स्वास्थ्य सेवामा सबैको पहुँच वृद्धि गरी न्यायसंगत एवम् जवाफदेही स्वास्थ्य सेवा प्रणालीको माध्यमबाट स्वास्थ्य सेवा उपलब्ध गराउने ।

## ५. चालु र पूँजीगत खर्च शीर्षकको प्रगति विवरण

क) जम्मा बजेट खर्चको विवरणः




यस मन्त्रालयको चालु आ.व.मा प्रदेश सरकार श्रोत र संघीय सरकार श्रोत तर्फ जम्मा ४ अर्ब ४५ करोड ४ लाख ७० हजार बजेट विनियोजन भएकोमा अर्ध वार्षिक अवधिसम्म जम्मा ८८ करोड ९९ लाख ४७ हजार खर्च (२०%) भएको मध्ये

- चालु तर्फ ७६ करोड ७१ लाख १२ हजार (२१.२२%)
- र पुँजीगत तर्फ १२ करोड २८ लाख ३६ हजार (१४.७%) खर्च भएको छ ।


ख) प्रदेश सरकार श्रोत तर्फको बजेट खर्चको विवरणः

दिपक प्रसाद तिवारी
वरिष्ठ जनस्वास्थ्य प्रशासक

यस मन्त्रालयको चालु आ.व.मा **प्रदेश सरकार स्रोत** तर्फ ४ अर्ब २८ करोड ६१ लाख ७० हजार बजेट विनियोजन भएकोमा अर्ध वार्षिक अवधिसम्म **जम्मा ९१ करोड ६८ लाख ९७ हजार (२७.९०%) खर्च** भएको मध्ये

- **चालु तर्फ ७५ करोड १५ लाख ७९ हजार (२२.८७%)**
- **र पुँजीगत तर्फ १६ करोड ५३ लाख १७ हजार (५.०३%) खर्च** भएको छ

ग) संघीय सशर्त तर्फको बजेट खर्चको विवरण:




यस मन्त्रालयको चालु आ.व.मा **संघीय सशर्त** तर्फ विभिन्न कार्यक्रम सञ्चालनका लागि ९२ करोड ४३ लाख बजेट विनियोजन भएकोमा अर्ध वार्षिक अवधिसम्म जम्मा **१४ करोड ६२ लाख ११ हजार असी रुपैंया मात्र (१५.८२%)** खर्च भएको छ त्यस्तै संघीय विशेष अनुदान तर्फ २४ करोड बजेट विनियोजन भएकोमा अर्ध वार्षिक अवधिसम्म जम्मा रु. १७ लाख ३८ हजार खर्च भएको छ ।

दिपक प्रसाद तिवारी
वरिष्ठ जनस्वास्थ्य प्रशासक

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
हेटौंडा नेपाल

६. आ.व. २०७९/०८० को अर्ध वार्षिक समयावधिमा सम्पादन भएका महत्वपूर्ण कार्यहरु:

- प्रदेश स्वास्थ्य नीति निर्माण कार्यका लागि स्वास्थ्य तथा जनसंख्या समितिको बैठक बसी स्वास्थ्य नीति निर्माण सम्बन्धी उप-समिति गठन भएको; Health In All Policy को मस्यौदा तयार गरिएको छ ।
- स्वास्थ्य क्षेत्रमा हुने स्वास्थ्य जनशक्तिको अभावको समस्या समाधानका लागि हाललाई ६२८ स्वीकृत अस्थायी दरवन्दी बमोजिम पदपूर्ति गरी कर्मचारीलाई मन्त्रालय र मातहतका कार्यालयमा सेवामा परिचालन गरिएको।
- बागमती प्रदेशमा फैलिएको डेंगु रोग सम्बन्धी अनुसन्धान एवं निगरानी (भेक्टर सर्भिलेन्स) का लागि बागमती प्रदेश स्वास्थ्य मन्त्रालय र संघीय स्वास्थ्य मन्त्रालय अन्तरगतको हेटौंडास्थित किटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्रबीच सम्झौता गरी भेक्टर सर्भिलेन्सको कार्य अघि बढाईएको छ ।
- डेगु रोग रोकथाम, नियन्त्रणका लागि जिल्ला स्थित कार्यालयहरुको सक्रिय सहभागितामा खोजौं र नष्ट गरौं अभियान, जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको ।
- दातृ निकाय तथा साझेदारी संघ संस्थाहरुसँग स्वास्थ्य मन्त्रालयको समन्वय बैठक सञ्चालन गरिएको छ ।
- जिल्लाबाट संचालन गरिने कार्यक्रमहरु (आत्महत्या न्यूनीकरण, बाल विवाह न्यूनीकरण, सडक दुर्घटना (RTA) न्यूनीकरण आदि) सम्बन्धी सन्दर्भ सामग्री (Technical Package) निर्माण गरी पत्राचार गरिएको छ ।
- आ.व. २०७८/०७९ को वार्षिक प्रगति समिक्षा गोष्ठी समपन्न (प्रदेशस्तर, जिल्लास्तर) गरिएको छ ।
- रुरल अल्ट्रासाउण्ड, नसर्ने रोग सम्बन्धी (PEN package), दक्ष प्रसुतीकर्मी सम्बन्धी तालीम, पोषण सम्बन्धी तालीम, परिवार नियोजनको साधन सम्बन्धी (Implant) तालीम, पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ्ग सम्बन्धी नर्सिङ स्टाफहरुको लागि तालीम, चिकित्सक र नर्सिङ स्टाफको लागि सुरक्षित गर्भपतन सम्बन्धी तालीम लागायतका तालिम सञ्चालनमा छ ।
- हाल ५६९ विद्यालयहरु संचालित एक विद्यालय एक नर्स कार्यक्रम विस्तार गर्ने हेतुले चालु आ.व. मा थप ६० विद्यालयहरुमा विद्यालय नर्स परिचालन गर्नाका लागि विद्यालय नर्स छनौट प्रक्रिया अघि बढाइएको छ । लिखित परिक्षा पश्चात अन्तरवार्ता समेत सम्पन्न गरिसकिएको छ ।
- जिल्ला जनस्वास्थ्य समन्वय समितिको समिक्षा बैठक/ अन्तरक्रिया कार्यक्रम निरन्तर सञ्चालनमा छ ।
- न्युनतम सेवा मापदण्ड सुधारको कार्यक्रम प्रादेशिक अस्पतालहरुमा कार्यान्वयनमा रहेको छ । सम्पूर्ण अस्पताल, आयुर्वेद स्वास्थ्य केन्द्रहरुको यस आ.व. को MSS को कार्ययोजना स्वीकृत भएको छ । न्युनतम सेवा मापदण्डमा ९६ अंक प्राप्त गरी त्रिशुली अस्पताल नेपालको पहिलो स्थानमा छ ।
- आधारभूत स्वास्थ्य केन्द्रहरुको न्युनतम सेवा मापदण्ड कार्यक्रलाई ३३ लाख बजेट वित्तीय हस्तान्तरण मार्फत व्यवस्थापन गरिएको छ ।
- मेथिनकोट अस्पताल, धादिङ्ग अस्पताल, बज्रबाराही अस्पताल, जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र चितवन, ललितपुर र मकवानपुरको भवन निर्माणको लागि आवश्यक बजेट बिनियोजन गरी टेण्डरको प्रक्रिया अघि बढाइएको छ ।
- स्थानीय तहसंगको सहकार्यमा नसर्ने रोगको परिक्षण सुरुवात गर्ने हेतुले मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम स्थानीय तहसम्म सञ्चालन गर्ने गरी स्वास्थ्य कार्यालय प्रमुखलाई अभिमुखीकरण एवम् जिल्ला स्थित

दिपक प्रसाद तिवारी
वरिष्ठ जनस्वास्थ्य प्रशासक

निकायहरुलाई आवश्यक बजेटको व्यवस्थापन गरिएको छ । स्थानीय तहमा नसर्ने रोगको परिक्षण गर्नाका लागि स्थानीय तहका जनप्रतिनिधि, स्वास्थ्यकर्मीहरुको लागि अभिमुखीकरण, परिक्षण गरेबापत स्थानीय स्वास्थ्य संस्थालाई सोध भर्ना, रिएजेन्ट टेष्ट किट खरिदका लागि स्वास्थ्य कार्यालयहरुमा बजेट व्यवस्थापन गरिएको छ ।

- क्यान्सर रोग लागेका विपन्न नागरिकलाई उपचारमा सहुलियत प्रदान कार्यक्रम अन्तर्गत बागमती प्रदेशका सरकारी तथा निजि गरी १२ वटा अस्पताल सँग सम्झौता गरी सहुलियत प्रदानमा निरन्तरता दिइएको छ भने हालसम्म ५ करोड ८१ लाख ११ हजार २३१ बराबरको सहुलियत प्रदान गरिएको छ । मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम अन्तर्गत शहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र सँग सम्झौता गरी निःशुल्क हृदयघात उपचार सेवा सञ्चालनमा छ।
- चालु आ.व.मा धादिङ्ग अस्पताल, त्रिशुली, रामेछाप, रत्ननगर अस्पतालबाट डायलाइसिस सेवा सञ्चालनमा छ ।
- प्रदेशस्तरीय सरुवा रोग अस्पताल स्थापनाको लागि DPR निर्माण एवम् जग्गा प्राप्तिको प्रक्रिया अघि बढाईएको छ ।
- शहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र, भक्तपुर र मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, हेटौंडा अस्पतालबीच मृगौला फेल भएका विरामीहरूका लागि प्रत्यारोपण सेवा सुरू गर्न र डाइलासिस सेवा विस्तार गर्नका लागि द्विपक्षीय सम्झौता भई ८ करोड बराबरको औजार उपकरण खरीदको लागि स्विकृती प्रदान गरिएको छ ।
- मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई हेटौंडा अस्पतालको नवनिर्मित भवनको औजार उपकरण तथा फर्निचर फिक्चार्सका लागि ४ करोड बजेट उपलब्ध गराईएको ।
- प्रदेश भित्र रहेको स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य उपचार सम्बन्धी आधुनिक औजार तथा उपकरण खरिद गरी व्यवस्थापन गरिएको छ ।
- धादिङ, हेटौंडा, धुलिखेल, काठमाण्डौमा एम्बुलेन्स डिस्प्याच सेन्टर स्थापना गरिएको छ । एम्बुलेन्स सेवालाई व्यवस्थीत गर्न बागमती प्रदेश भित्रका ४०० वटा एम्बुलेन्समा GPS जडान गरी ३१५ जना एम्बुलेन्स चालक र एम्बुलेन्स व्यवस्थापन समितिका पदाधिकारीहरुलाई अभिमुखिकरण गरिएको छ ।
- धादिङ्ग, भक्तपुर, बकुलहर रत्ननगर, हेटौंडा, पशुपति चौलागाईं, त्रिशुली अस्पतालमा विशिष्टिकृत सेवा सर्वसुलभ बनाउन विशिष्टकृत अस्पताल एवम् चिकित्सक सँगको साझेदारीमा विशेषज्ञ सेवा सञ्चालनमा ल्याइएको छ । महिलाहरुमा हुने पाठेघर खस्ने समस्या, अब्स्ट्रेटिक फिस्टुला लगायतका समस्याहरुको समयमै निदान गर्ने र निःशुल्क शल्यक्रिया गर्न जिल्लास्थित अस्पताल, स्वास्थ्य कार्यालयहरुबाट स्क्रिनिङ्ग एवम् उपचारको व्यवस्था रहेको छ
- विपन्न नागरिकहरुको लागि निःशुल्क ब्लड ब्याग कार्यक्रम १३ वटै जिल्लामा रहेका जिल्ला रेडक्रस सोसाईटी र अस्पतालहरुसँग सम्झौता गरी सञ्चालनमा रहेको ।
- जनस्वास्थ्य प्रयोगशालाको क्षमता विकास तथा सेवा विस्तारका विभिन्न गतिविधिहरु सञ्चालनमा छन् । प्रयोगशालाको गुणस्तर अभिवृद्धिको लागि जिल्लास्थित प्रयोगशालाहरुको क्षमता अभिवृद्धि, अनुगमन सञ्चालन गर्ने ।

दिपक प्रसाद तिवारी
वरिष्ठ जनस्वास्थ्य प्रशासक

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
हेटौंडा, नेपाल

- जिल्लामा विगतमा सञ्चालनमा रहेका बहिरंग उपचार केन्द्र पुनर्स्थापनाका लागि स्वास्थ्य कार्यलयबाट कार्यक्रम सञ्चालन गरिएको । महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरु मार्फत बालबालिकाहरुको वृद्धि अनुगमन तथा पोषण प्रवर्द्धन कार्यक्रम संचालनका लागि तालिम सामग्री तयार गरी जिल्लामा पत्राचार गरिएको ।
- प्रदेश भित्रका लोपोन्मुख र सिमान्तीकृत जातिहरुको सुरक्षित मातृत्व सेवा तथा खोप सेवामा पहुँच वृद्धि गर्नका लागि प्रोत्साहन स्वरुप रु पाच हजार प्रदान गर्ने कार्यक्रम सञ्चालनमा छ ।
- प्रादेशिक अस्पतालहरुमा जनआन्दोलनमा घाइते भएकालाई प्रादेशिक अस्पतालहरुबाट नि:शुल्क उपचार हुने गरेको छ ।
- होमियोप्याथिक उपचार पद्धति प्रवर्द्धनका लागि स्वास्थ्य मन्त्रालयमा जनशक्ति व्यवस्थापन गरी नीति, योजनामा समावेश गरिएको छ ।
- मन्त्रालय अन्तरगत रहेका ५१ वटा नागरिक आरोग्य सेवा केन्द्रहरुबाट जीवन शैली परिवर्तन तथा स्वास्थ्य प्रवर्धनका लागि नियमित कार्य सञ्चालनमा रहेको छ ।
- स्वास्थ्य निर्देशनालयबाट मातहतका सम्पूर्ण निकायहरुको (३९ कार्यालयहरु) वेवसाइट निर्माण भएको छ ।

७. सङ्कलन भएको राजश्व (रकम रु. हजारमा)

| क्र.सं. | राजश्व शिर्षक | राजश्व शिर्षक नाम | जम्मा रकम रु. |
|---|---|---|---|
| १ | १४२१२ | सरकारी सम्पत्तीको बिक्रीबाट प्राप्त रकम | १७१.१९५ |
| २ | १४२२४ | परिक्षा शुल्क | ३१५४.८०० |
| ३ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ६२२.८७५ |
| ४ | १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | २३५०.६०० |
| ५ | १५१११ | बेरुजु | ९६३.५०८ |
| ६ | १५११२ | निकासा फिर्ता | १६९५७.००६ |
| कुल जम्मा (२ करोड ४२ लाख १९ हजार ९८४ मात्र ) | | | २४२१९.९८४ |

यस मन्त्रालयले हालसम्म माथि उल्लेखित शिर्षकहरुमा जम्मा रु. २,४२,१९,९८४ (२ करोड ४२ लाख १९ हजार ९८४ मात्र ) राजश्व संकलन गरेको छ ।

८. आ.व. २०७९/०८० मा तयार भएका ऐन, नियमावली तथा कार्यविधिहरुको विवरण :

(क) ऐन

- स्वास्थ्य सेवा ऐन (पहिलो संसोधन) अध्यादेश, २०७९

दिपक प्रसाद तिवारी
वरिष्ठ जनस्वास्थ्य प्रशासक

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
हेटौंडा, नेपाल

- मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको अध्यादेश, २०७९

(ख)कार्यविधि, निर्देशिका

- स्वास्थ्य मन्त्रालय र मातहतका कार्यालयहरुबाट सञ्चालन गरिने कार्यक्रम कार्यान्वयन मार्गदर्शन,२०७९/०८०
- संघीय विशेष अनुदानको वार्षिक कार्यक्रम कार्यान्वयन मार्गदर्शन आ.व. २०७९/०८०

दिपक प्रसाद तिवारी
वरिष्ठ जनस्वास्थ्य प्रशासक